# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## स्त्री र पुरूषको कुरा गर्दा, को कसको अधीनमा बस्नुपर्छ?

**चर्च र घरमा... पुरूष र स्त्री दुवै एक अर्काको अधीनमा बस्नुपर्छ!** ईसाइहरूसँग येशूको हृदय र नम्रता र सेवाको मनोवृत्ति प्रतिबिम्बित गर्ने ठूलो अवसर छ। यदि हामी अरू मानिसहरूमाथि शासन गर्न खोज्छौं भने हामी संसार जस्तै देखिन्छौं। संसारले एक–अर्काको अधिनमा बस्नुपर्छ भन्ने कुरालाई बुझ्न सक्दैन। पावलले एफिसी ५:२१मा विश्वासीहरूलाई यसरी निर्देशन दिए:

**मुख्य शब्द**

**ὑποτάσσω**

*hypotasso* = Submit **अधीनमा बस्नु**

**"खीष्टको श्रदामा एक–अर्काको अधीनमा बस।"**

**एफिसी ५:२१ एक "हुक पद"**

५:२१ महत्वपूर्ण छ किनभने यसले ठूलो रूपमा पावलको लामो वाक्यमा एक "हुक पद"को रूपमा काम गर्दछ। यस पदले पावलको "...पवित्र आत्माले भरिपूर्ण होओ" भन्ने आज्ञालाई जोड्ने र अन्त गर्ने काम गर्दछ र त्यहीं समयमा यसले "पारिवारीक नियमवली" को नयाँ खण्ड सुरू गर्छ। निम्न पदहरूले "एक–अर्काको अधिनमा बस" भनेको व्यावहारिक रूपमा के हो जसलाई अन्ततः येशू र चर्च द्वारा चित्रण गरिएको छ भन्ने कुरा पत्ता लगाउँछ। खीष्टमा, सबै एक–अर्काको अधीनमा बस्नुपर्छ, किनकि हामी येशूको उदाहरण पछ्याउँछौं।

## के पति/पत्नी बीचका अधिनता "एक तर्फी" मात्र हुनुपर्छ? हुनुहुदैन !

**पावलले कसलाई आज्ञा दिन्छ?**

एफिसी ५:२१–३३मा, ० (शुन्य) अनिवार्य आज्ञाहरू स्त्रीहरूलाई दिइएको छ, जबकि पुरुषहरूलाई तीन आज्ञाहरू दिइएको छ। पतिहरूलाई ५:२५, ५:२८, ५:३३ मा "प्रेम गर" भनिएको छ। बाँकी घरको नियमवलीमा (६:९ मार्फत), पुरुषहरूलाई थप दुई आदेशहरू (कुल पाँच), बच्चाहरूलाई दुई, र दासहरूलाई एउटा दिइएको छ, स्त्रीहरूको लागि शुन्य आदेशहरू दिइएका छन्। पत्नीहरूलाई सम्बोधन गर्ने क्रियाहरू या त १. ग्रीक भाषामा उपलब्ध छैन यद्यपि अघिल्लो पदबाट "दीर्घवृत्त (˙˙˙)" द्वारा निष्कर्षित गरिएको छ। पाठले शाब्दिक रूपमा भन्छ, "पत्नी हो प्रभूको अधिनमा रहेजस्तो आ–आफ्ना पतिको" (५:२२) र "पत्नीहरू..पतिहरूका..." (५:२४)। वा २. ५:३३ पदमा धेरै "नरम" व्यक्तिपरक, मध्य/निष्क्रिय क्रिया छ, र "आदर गरोस्" भनेर अनुवाद गर्छ।

**यस खण्डमा शीर "केफाले" शब्दको बारेमा के छ?**

निश्चय, येशू राजाहरुका राजा हुनुहुन्छ, तर यस खण्डमा, पावलले उहाँलाई प्रभुहरुको प्रभुको सट्टा मुक्तिदाता भनेर वर्णन गरेका छन्। येशू नम्रतापूर्वक दिनुहुन्छ, सेवा गर्नुहुन्छ, बलिदान दिनुहुन्छ र बचाउनुहुन्छ। केफाले जीवन, आशिष्, र पोषण वास्ताको स्रोत हो। (के पुरुष स्त्रीको शीर होइन र? एक पृष्ठे हेर्नुहोस्)

*के मैले खीष्टमा भएका अन्य भाइबहिनीहरुलाई आपसी रुपमा अधीनमा बस्नुपर्छ? पर्छ।*

*के मैले मेरै आफ्नै पत्नी/पतीको अधीनमा बस्नुपर्छ, जसलाई म अति नै प्रेम गर्छु?* अवश्य पनि!

### एफिसी ४–६ अध्याय बीचको व्यतिक्रम

| | |
|---|---|
| ४:१–६ | पावल एक कैदी |
| ४:७–१६ | येशुले वरदानहरू दिनुहुन्छ/बलियो पार्नुहुन्छ |
| ४:१७–३२ | अन्यजाति/छेमेकीहरूसँग सम्बन्धित |
| ५:१–२० | पवित्र अनि प्रिय छोराछोरीसँग सम्बन्धित |
| ५:२१–२३ | एक अर्काको अधीनमा बस्ने |
| ५:२४ | पत्नी पतिको अधीनमा |
| ५:२५ | पतिहरु पत्नीहरूको अधीनमा |
| ५:२५ | खीष्टले मण्डलीलाई |
| ५:२६–२७ | मण्डली खीष्टको |
| **५:२८** | **ऊ जसले** |
| | **आफ्नो पत्नीलाई** |
| | **प्रेम गर्छ उसले आफैलाई प्रेम गर्छ।** |
| ५:२९ | मण्डली खीष्टको |
| ५:२९ | खीष्टले मण्डली |
| ५:३३ | पतीहरू पत्नीहरूको |
| ५:३३ | पत्नीहरू पतिहरुको |
| ६:१–४ | आज्ञाकारी छोराछोरीको रुपमा |
| ६:५–९ | कमराहरूसँग सम्बन्धित |
| ६:१०–१७ | येशूले हातहतियार/सुरक्षा दिनुहुन्छ |
| ६:१८–२० | पावल साङ्लाले बाँधिएको एक राजदुत |

**पति र पत्नी यस अचम्मको व्यतिक्रमको केन्द्र तथा**

## निष्कर्ष

एक अर्काको अधीनमा बस्नुहोस् ...यो नै खीष्टको उदाहरण थियो। यो पति र पत्नी (दाजुभाई/दिदीबहिनी) को पनि लक्ष्य हो। के येशूले आफैलाई सीमित गर्नुभयो, आफैलाई इन्कार गर्नुभयो, आफैलाई नम्र तुल्याउनुभयो, आफ्नो भन्दा दुलहीको आवश्यकतालाई अगाडि राख्नुभयो? हो, राख्नुभयो!

जब पुरुष र स्त्रीले एफिसी ५ अध्यायमा जस्तै पारस्परिक अधिनताको उदाहरण दिन्छ भने संसारले त्यो ध्यान दिनेछ।

हामी येशूको विनम्रता, सद्भाव, ज्योतिको नमूना बन्छौं !

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?